## अर्ना संरक्षणका चुनौतिहरु

- छाडा गाइबस्तु तथा चौपायाको चरिचरण
- आरक्ष क्षेत्रको अतिक्रमण
- कोशी नदीमा वर्षेनी आउने बाढी
- बन पैदावारको अनियन्त्रित दोहन
- मिचाहा प्रजाति फैलिनु
- अनियन्त्रित आगलागी
- अर्नाको बासस्थान खुम्चिनु

## अर्नाको संरक्षण कसरी गर्ने ?

- आरक्ष र सिमसारलाई प्राकृतिक अवस्थामा संरक्षण गरेर
- चरिचरण तथा छाडा चौपाया को नियन्त्रण गरेर
- घाँसे मैदानको उचित व्यवस्थापन गरेर
- वैज्ञानिक अनुसन्धान र संरक्षण शिक्षा मार्फत
- प्राकृतिक वासस्थानको संरक्षण र सम्वर्धन मार्फत



## अर्नाको संरक्षण किन गर्ने ?

- परिस्थीतिक प्रणालीको सन्तुलन को लागी
- अर्ना सम्पूर्ण कोशी टप्पु वन्यजन्तु आरक्षको प्रतिनिधित्व गर्ने जनावर भएकोले
- प्राकृतिक जैविक विविधता संरक्षण गर्नु हामि मानवको कर्तव्य भएकोले
- प्रत्येक प्रजातिलाई प्रकृतिमा बाँच्ने अधिकार छ
- भावी पुस्ताले यसलाई प्राकृतिक बासस्थानमा देख्न पाउने सुनिश्चितताको लागी



Photo source : The Kathmandu Post

# अर्ना

## (*Bubalus bubalis*)




अवधारणा :

दिब्या भट्टराई

प्रतिक पाण्डे

सौरभ लामिछाने



The Rufford Foundation

www.rufford.org @ruffordgrants

# परिचय

अर्ना जमिनमा पाइने एक स्तनधारी प्राणी हो । संसारमा करिब ३३०० देखि ३४०० जंगली अर्ना रहेका छन् । अर्ना नेपाल, भारत, भुटान र म्यान्मारमा थोरै संख्यामा रहेको छ । अर्ना सबैभन्दा ठूलो संख्यामा भारतको काजिरंगा राष्ट्रिय निकुञ्ज, आसाम र इन्द्रावती वन्यजन्तु आरक्ष मध्यप्रदेशमा पाइन्छ । नेपालमा अर्ना कोशी टप्पु वन्यजन्तु आरक्ष प्राकृतिक रुपमा पाइन्छ भने सन् २०१७ मा कोशी टप्पु वन्यजन्तु आरक्षबाट १२ र सदर चिडियाखाना, जावलाखेलबाट ३ वटा अर्ना चितवन राष्ट्रिय निकुन्जमा स्थानान्तरण गरिएको थियो ।

<u>संख्या</u>

१ कोशी टप्पु वन्यजन्तु आरक्ष ४९८

२ चितवन राष्ट्रिय निकुञ्ज १५



अर्ना



भैंसी

| अर्ना | भैंसी |
|---|---|
| १) यसको आकार ठूलो र सिङ्ग फराकिलो र ठूलो हुन्छ | १) यसको आकार अर्नाको भन्दा सानो र सिङ्ग पनि सानो हुन्छ |
| २) यसको घुडामुनिको भाग सेतो रंगको हुन्छ | २) यसको शरीर पूरै कालो हुन्छ |
| ३) यसको बच्चा खैरो रंगको हुन्छ | ३) यसको पाडो कालो हुन्छ |
| ४) अर्नाले आफ्नो गोबर बालुवा वा माटोले पुर्ने गर्दछ | ४) भैंसीले आफ्नो गोबर पुर्ने गर्दैन |

## बासस्थान र आहार

अर्ना नदीको बगर छेउछाउ र पानी जमेको क्षेत्रमा बस्ने गर्दछ । यसले खाएको कुरालाई गाई र भैंसीले जस्तै उग्राउने गर्दछ । अर्ना खुला घाँसे मैदान, पानी जम्ने दलदल, र मलिलो चरणमा पाइन्छ । तापनि यसले जंगललाई पानी र गर्मीबाट शितलता लिन प्रयोग गर्दछ । यसको मनपर्ने आहार कास, नर्कट र झौवा हो । अर्नाले जंगलछेउछाउ पसी धान, उखु र जुट पनि खाने गर्दछ । अर्ना प्राय दिनभरी जंगल र पानी जमेको ठाउमा बस्छ । यसले गर्मीयाममा किराको टोकाई र घामबाट बच्न हिलोमा आहाल बस्छ । ठूलो पानीमा पनि अर्ना सजिलै पानीमा पौडिन सक्छ ।

अर्ना सामाजिक प्राणी हो र सामान्य रुपमा १० देखि २० पोथी अर्ना आफ्नो बच्चा सहित समुहमा रहन्छ । अर्नाको समुहमा एक वा दुइटा भाले अर्ना पनि हुन्छ । भाले अर्नाको झुण्डको सुरक्षामा सतर्क रहन्छ र कुनै खतरा आइपर्दा सुरक्षा कवच को रुपमा खडा हुन्छ । वयस्क भाले अर्ना एक्लै बस्छ र खतराको समयमा अग्लो घास वा जंगलमा लुक्छ ।

## सारिरिक बनावट र आयु

अर्ना घरेलु भैसीजस्तै देखिने भएपनी यसको शरीर ठूलो र सिङ्ग घुमाउरो हुन्छ । वयस्क अर्नाको घुडामुनिको भाग सेतो हुन्छ । वयस्क अर्ना २ देखि ३ मीटर अग्लो र यसको तौल ८०० देखि १२०० केजी सम्म हुन्छ । भाले अर्ना ४ बर्समा वयस्क हुन्छ र पोथी अर्ना ३ बर्समा वयस्क हुन्छ । पोथी अर्नाले १५ बर्स सम्म गर्भधारण गर्दछ र गर्भधारण समय १० देखि ११ महिनासम्म हुन्छ । अर्नाको बच्चा खैरो हुन्छ र छ महिना पछि कालो हुन थाल्छ । अर्नाले बच्चालाई ६ देखि ९ महिनासम्म हेरचाह गर्छ । अर्नाको प्रजननको समय जेठ र असार महिना हो ।



## कानुनी प्रावधान

अर्ना राष्ट्रिय तथा अन्तरास्ट्रिय कानुनद्वारा संरक्षित जनावर हो । यो CITES को अनुसूची ३ मा सुचिकृत छ । IUCN को खतरा सुची अन्तर्गत अर्ना संकटापन्न (Endangered) जनावर हो । त्यसैगरी नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत अर्ना संरक्षित जीव हो । यस ऐन अन्तर्गत जंगली अर्ना मर्ने वा घाइते बनाउनेलाई ५ लाखदेखि १० लाख रुपैयासम्म जरिवाना वा १ बर्षदेखी १० बर्षसम्म कैद वा दुवै सजाय हुनेछ । अर्नाले आक्रमण गरि घाइते बनाएको वा मृत्यु भएको अवस्थामा वा बालीनाली नोक्सान गरेमा राहत निर्देशिका २०६९ र त्यसको संसोधन २०७४ अनुसार समेत राहतको व्यवस्था गरिएको छ ।



# अर्ना संरक्षण हामी सबैको साझा दायित्व

## अर्नाको संरक्षण किन गर्ने ?

- परिस्थीतिक प्रणालीको सन्तुलन को लागी
- अर्नाले  सम्पूर्ण कोशी टप्पु वन्यजन्तु आरक्षको प्रतिनिधित्व गर्दछ
- प्राकृतिक जैविक विविधता संरक्षण गर्नु हामि मानवको कर्तब्य भएकोले
- प्रत्येक प्रजातिलाई प्रकृतिमा बाँच्ने अधिकार छ
- भावी पुस्ताले यसलाई प्राकृतिक बासस्थानमा देख्न पाउँने सुनिश्चितताको लागी

## अर्नाको संरक्षण कसरी गर्ने ?

- आरक्षलाई प्राकृतिक अवस्थामा संरक्षण गरेर
- चरिचरण तथा छाडा चौपाया को नियन्त्रण गरेर
- घाँसे मैदानको उचित व्यवस्थापन गरेर
- वैज्ञानिक अनुसन्धान र संरक्षण शिक्षा मार्फत
- प्राकृतिक बासस्थानको संरक्षण र सम्वर्धन मार्फत

अर्नाको संरक्षण गरौं



Save Wild Water Buffalo

The Rufford Foundation
www.rufford.org @ruffordgrants

अवधारणा : दिब्या भट्टराई, प्रतिक पाण्डे
तस्विर : सौरभ लामिछाने